# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौतारा साँगाचोकगढी नगरपालिका
## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौतारा साँगाचोकगढी नगरपालिका

## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौतारा साँगाचोकगढी नगरपालिका

## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १६२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

चौतारा साँगाचोकगढी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

सिन्धुपाल्चोक ।

१. **कैफियत सहितको राय** – हामीले चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ३१ लाख २ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२८ लाख ७७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१२ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १७ लाख ४० हजार, नियमित गर्नुपर्ने रु. ३ करोड २८ लाख ५४ हजार र पेश्की बाँकी रु. ४४ लाख ५६ हजार समेत रु.५ करोड २ लाख ६८ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु. २६ करोड १२ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. ३१ करोड १५ लाख ४७ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकरप्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

चौतारा साँगाचोकगढी नगरपालिका,

सिन्धुपाल्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | प्रतिक्रियाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६१ | १३० | ५३१०२ | ० | १० | २८७७ | ४३ | ६१ | १२० | ५०२६८ | १२१८ | ३२८५४ | ११७४० | ० | ० | ४४५९५ | ४४५६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | २६१२७९ | ० | ० | २६१२७९ | ० | ५०२६८ | ३११५४७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ३० | प्रमाण | ९०९०३ |
| २ | | ३८ | असुल | ५५६०० |
| ३ | | ४१ | असुल | ७३६६० |
| ४ | | ४९ | प्रमाण | १८०२००० |
| ५ | | ५९ | पेश्की फछ्र्यौट | ८४६५०० |
| ६ | | ८४ | प्रमाण | ८००० |
| | कुल जम्मा | | | २८७६६६३ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।७ देखि २०८०।०५।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय व्ययको विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५६६५६० असुली र रु.२४६१३२८३।०० फिर्ता दाखिला भएको प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | महंगी भत्ता | २३५१५१० |
| | समन्वय भत्ता कर | २१५०४० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

**२ वित्तीय बिबरणको सम्बन्धमा**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्रासी (क+ख)** | | १,२६,५८,०८,९९८.०० | १,२८,६६,१८,३५५.४८ | | १,२८,६६,१८,३५५.४८ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | १,१५,५६,२१,०००.०० | १,१५,४८,५५,६०५.०५ | ० | १,१५,४८,५५,६०५.०५ |
| ११००० कर | ११ | २५,०३,४२,०००.०० | २६,१४,४४,२४८.१९ | ० | २६,१४,४४,२४८.१९ |
| १३००० अनुदान | | ७६,५१,३२,०००.०० | ७५,६६,९४,५००.०० | ० | ७५,६६,९४,५००.०० |
| संघीय सरकार | १२ | ६८,७४,७४,०००.०० | ६७,९०,३६,५००.०० | ० | ६७,९०,३६,५००.०० |
| प्रदेश सरकार | १२ | ७,७६,५८,०००.०० | ७,७६,५८,०००.०० | ० | ७,७६,५८,०००.०० |
| १४००० अन्य राजस्व | | १४,०१,३७,०००.०० | १३,६६,७५,९७१.८६ | ० | १३,६६,७५,९७१.८६ |
| १५००० विविध प्राप्ति | | १०,०००.०० | ४०,८८५.०० | ० | ४०,८८५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ११,०१,८७,९९८.०० | १३,१७,६२,७५०.४३ | | १३,१७,६२,७५०.४३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ११,९७,३३,२५५.४३ | ० | ११,९७,३३,२५५.४३ |
| कोषहरु | | ११,०१,८७,९९८.०० | ७६,३२,३००.०० | ० | ७६,३२,३००.०० |
| धरौटी | | ० | ४३,९७,१९५.०० | ० | ४३,९७,१९५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,३५,९१,४४,२९४.०० | १,२३,६८,९२,८३६.०० | | १,२३,६८,९२,८३६.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,२४,८९,५६,२९६.०० | १,११,६०,०६,०३१.०० | | १,११,६०,०६,०३१.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,४३,२६,३८०.०० | १३,५५,१५,०८३.०० | ० | १३,५५,१५,०८३.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,३४,४६,८१५.०० | ८,८१,६३,२१३.०० | ० | ८,८१,६३,२१३.०० |
| २५००० सहायता (Subsidy) | १८ | १५,९४,६६,७००.०० | १३,५०,२०,२४८.०० | ० | १३,५०,२०,२४८.०० |
| २६००० अनुदान | १८ | ४१,३४,३२,०००.०० | ३९,७२,११,३०२.०० | ० | ३९,७२,११,३०२.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,९४,८०,०००.०० | २,१३,९३,१०१.०० | ० | २,१३,९३,१०१.०० |
| २८००० अन्य खर्च | १८ | ३,४५,३०,२५१.०० | ३,४३,४२,४५१.०० | ० | ३,४३,४२,४५१.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३७,४२,७४,१५०.०० | ३०,४३,६०,६३३.०० | ० | ३०,४३,६०,६३३.०० |
| घ. अन्य भूक्तानी | | ११,०१,८७,९९८.०० | १२,०८,८६,८०५.०० | | १२,०८,८६,८०५.०० |
| कोषहरु | | ११,०१,८७,९९८.०० | १०,८१,३६,००७.०० | ० | १०,८१,३६,००७.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| धरौटी | | ० | १,२७,५८,४०९.०० | ० | १,२७,५८,४०९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -७,६११.०० | | -७,६११.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,३३,३५,२९६.००) | ४,९७,२५,५१९.४८ | | ४,९७,२५,५१९.४८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २२,२१,९४,८१०.०० | | २२,२१,९४,८१०.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९,३३,३५,२९६.००) | २७,१९,२०,३२९.४८ | | २७,१९,२०,३२९.४८ |
| बैंक तथा नगद बाकी | २४ | | २५,२१,८६,२३७.४८ | | २५,२१,८६,२३७.४८ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१,७४,१०,४४२।५६, गरिवसँग विश्वेश्वर कार्यक्रम रु.४५०५००।००, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम रु.१०४७६१८९।०० र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.१९०००००।०० समेत गरी रु.२३,०२,३७,१३१।६० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण अनुसूची ३ मा संलग्न छ ।)**

२.३ **फरक हिसाब–**यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५,१७,२४,४७८.००, यस वर्षको प्राप्ति रु. २४,९०,३२,७३८.०० यस वर्षको भुक्तानी रु.२३,०२,४४,७४३.०० र बैङ्क मौज्दात रु.३,८५,२२,०८८.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण

आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २२,२१,९४,८१० | १,२८,६६,१८,३५५ | १,२३,६८,९२,८३६ | २५,२१,८६,२३७ |
| एकीकृत आर्थिक विवरणअनुसार | २७,३९,१९,२८८ | १,५३,५६,५१,०९३ | १,४६,७१,३७,५७९ | २९,०७,०८,३२५ |
| **फरक** | **५,१७,२४,४७८** | **२४,९०,३२,७३८** | **२३,०२,४४,७४३** | **३,८५,२२,०८८** |

२.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२७,७३,११,९२८.९६ मौज्दात रहेकोमा यो वर्ष रु.२७,३९,१९,२८८.०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३३,९२,६४०.९६ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्न्दछ ।

२.५ **बैङ्क हिसाब विवरण -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । सुत्रमा निकासा गरेको रकम र बैंक आदेश पत्र फरक भएको जनाएकोले श्रेस्ता अनुसार बचत देखिएको रकम बास्तविक नभएको तर बर्षान्तको बाँकी मौज्दात आम्दानीबाट खर्च घटाएपछि आउने रकमसँग चेक नसाटिएको विवरण हिसाब गर्दा हिसाब भिडान हुने अवस्था देखिन्छ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | क) सञ्चित कोष | १२७०५४१८ | १२७०५४१८ |
| २ | ख) चालु खाता | १४९६६४९४ | ४५६९६८० |
| ३ | ग) पूँजीगत खाता | १८९३७४१५ | २९३६५०९४ |
| ६ | घ) प्रकोप व्य कोष खाता | ३३३१९०३ | ३३३१९०३ |
| ७ | ङ) विभाज्य कोष खाता | ११९५४२८०० | ११९५४२८०० |
| ८ | च) आन्तरिक राजश्व खाता | २२२७२०८१ | २२२७२०८१ |

| | | | |
|---|---|---|---|
| ९ | छ) बाँडफाँडबाट प्राप्त राजश्व खाता | ९७७१९८६ | ९७७१९८६ |
| १० | ज) आन्तरिक अनुदान | ७३७२३५०० | ७३७२३५०० |
| ११ | झ) विविध खर्च खाता | ३९८२१६८ | ३९८२१६८ |
| १२ | ञ) विविध कोष खाता | ४३४१०६९ | ४३४१०६९ |
| १३ | धरौटी खाता | ७१०२६२६ | ७१०२६२६ |
| जम्मा | | २९०६७७४६० | २९०७०८३२५ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **कर दायित्व —** पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व दाखिला गर्नु पर्दछ ।रु. ७,६११.०० देखाएकोमा यस वर्ष वित्तिय विवरणमा कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६११ |

## ३ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बमोजिम आर्थिक कारोबारको बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ४ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा ;संघिय अनुदान तर्फको देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रु.३,२१,३०,०८७.०० मध्ये रु. २४६१३२८३ फिर्ता गरेको प्रमाण पेश भएको छ भने बाँकी रकम रु.७५१६८०४ सुत्रमा फिर्ता गर्नुपर्ने देखिए तापनि आम्दानी र खर्च गरेको हिसावले फिर्ता गर्नु नपर्ने जनाएको छ । सो सम्वन्धमा पालिकाले आय व्यय एकिन गर्नुपर्दछ ।

| विवरण | संघीय श्रोतको रु | फिर्ता | फिर्ता गर्न बाँकी |
|---|---|---|---|
| १३३१२ : शसर्त अनुदान चालु | १३६४०२९६. | १३७०५९९६ | -६५७०० |
| १३३१३ : शसर्त अनुदान पुँजीगत | ८७४७८४६. | १४७२८४६ | ७२७५००० |
| १३३१५ : विषेश अनुदान पुँजीगत | ७२३६८५७. | ७१८१४५९ | ५५३९८ |
| १३३१७ : समपुरक अनुदान पुँजीगत | २५०५०८८. | २२५२९८२ | २५२१०६ |
| जम्मा | ३,२१,३०,०८७.०० | २४६१३२८३ | ७५१६८०४ |

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

· स्थानिय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ८ बमोजिम कर्मचारीको कार्य विवरण अनुसुची-५ बमोजिमको ढाँचामा तयार गरी लागु गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले कार्य विवरण तयार नगरेको

· म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने ।

· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।विगत आर्थिक वर्षमा प्रोफाइल तयार गरेपनि वर्षै पिच्छे अद्यावधिक गराउन नसकेको पालिकाको भनाई रहेको छ ।

## ७ बजेट सीमा निर्धारण समिति :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरे तापनि समय सिमा भित्र कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ९ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।२९ मा रु.१ अर्व २४ करोड २९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।४।१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १० आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।आर्थिक वर्ष २०८०।८१ देखि लागु हुने गरि नगर सभाबाट पारित भएको नगरपालिकाको भनाई रहेको छ ।

## ११ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१२२०००००.०० अबण्डा बजेट व्यवस्था गरी २८३ योजनामा रु.९४७२१०००.०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।निर्वाचनका कारण वडाबाट योजना छनोटमा ढिलाई हुदाँ अबण्डा राखिएको र नगरसभाबाट अनुमोदन भइ सकेको र आगामि आर्थिक वर्षबाट सुधार हुने पालिकाको भनाइ छ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

| क सं | योजनाको नाम | बजेट/खर्च |
|---|---|---|
| १ | कुविण्डे दुग्ध उत्पादक सहकारी संस्था जाने सडक स्तरोन्नती | ९,९८,९८९.०० |
| २ | चागुलेटोल चतुरे सडक ग्रावेल गर्ने कार्य रकमभुक्तानी वापत । - | ४,७८,०३४.०० |
| ३ | वडा नं.५मा गोरख बक्स गणको हेट क्वाटर परिसर प्रवेश गर्ने ढलान | ८,०७,५००.०० |
| ४ | डा नं.६ मा डाँडाबारी देखि दक्षिणकाली मन्दिर बाटोनिर्माण | ७,६०,०००.०० |
| ५ | ब्याङचेपानी लेखडाँडा धोबीखोला मोटरबाटो निर्माण | १,९०,०००.०० |
| ६ | वडा नं.६ मा सिद्धि कमला देवी मा.वि.को वालनिर्माण | १,४२,५००.०० |
| ७ | चौतारा बजार क्षेत्र भित्र जम्मा १३ स्थानमासि.सि.क्यामेरा, जडान ५५इन्चको TV लगायतका सामान खरिद | १३,२५,१६४.०० |
| ८ | वडा नं.१३ मा जंगलछाप पहिरो विपत रोकथाम | ४,७५,०००.०० |
| ९ | रानाथोक सडक निर्माण - | ५,७०,०००.०० |

| | | |
|---|---|---|
| १० | वडा नं.१ मा बदलाङ काफलेबोट सिढी निर्माण | २,८५,०००.०० |
| ११ | वडा नं.१२ मा प्रेरण कृषि जागरण महिला भवन मर्मत | १,९०,०००.०० |
| १२ | वडा नं.९ मा मुल गोरेटो बाटो सिढी निर्माण | २,८५,०००.०० |
| १३ | वडा नं.६मा बस्नेत टोलमा ट्रस निर्माण | १,४२,५००.०० |
| १४ | वडा नं.५ मा गैरीगाँउप्रेसचोक शिक्षा कार्यालय फोहोरपानी व्यवस्थापन | १,९०,०००.०० |

## १२ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ७३६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३११ | १ | ७५ | २३५ |
| २ | वडास्तरीय | ४२५ | ० | १६ | ४०९ |
| जम्मा | | ७३६ | १ | ९१ | ६४४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित सबै योजना

कार्यान्वयन भएको देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १३ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत राखी गत वर्षको भुक्तानी दिन बाँकीको ४९ कार्यक्रममा रु.३८६८२६९७।३० भुक्तानी दिएको छ।

## १४ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ७३६ | ४ | | | ७३२ |

## १५ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | ३०४३६१ | १७७२३ | ५८१९९ | ६४३१२ | १६४१२७ | ७३०५९ |
| प्रतिशत | | ५.८३ | १९.१२ | २१.१३ | ५३.९२ | २४.०० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३० करोड ४३ लाख ६१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ७७ लाख २३ हजार (५.८३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५ करोड ८१ लाख ९९ हजार (१९.१२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.६ करोड ४३ लाख १२ हजार (२१.१३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१६ करोड ४१ लाख २७ हजार (५३.९२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ३० लाख ५९ हजार (२४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १६ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । ( रु हजारमा)

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०,२९,९८ | ७,३०,६९ | ६.५५ |
| २ | पूर्वाधार विकास | ३२,४३,०४ | २५,९६,६४ | २३.२७ |
| ३ | सामाजिक विकास | ५४,९७,२५ | ५२,७२,८७ | ४७.२५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३,६१,४७ | २,९९,६१ | २.६८ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २३,५७,८२ | २२,६०,२४ | २०.२५ |
| जम्मा | | १२४८९५६ | १११६००६ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.२५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २.६८ प्रतिशत रहेको छ ।

## १७ आय अनुमान -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२३०००००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१८३४६५३५.०० अर्थात अनुमान भन्दा २०.२३

प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## १८ खर्च विश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२६०२०१८८८।०० राजस्व बाँडफाँड र अनुदानबाट रु.१२१४६७५०५८.०० समेत रु.१४७४८७६९४६.०० आम्दानी भएकोमा चालु तर्फ रु.९१८७३६४०५।०० र पूँजिगत तर्फ रु.३०५४०५६३३।०० समेत रु.१२२४१४२०३८।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २१.२५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१२०९६०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ४.६५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.६३ प्रतिशत चालु र २५.१४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ५ वटा नियमावली, ४२कार्यविधि ७ निर्देशिका लगायत ६७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## २० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको ४० गरी कुल ४७ विवाद दर्ता भएकोमा ११ वटा मात्र फस्यौंट भई ३६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

बागमती प्रदेश स्थानिय स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दरबन्दी सृजना तथा पुनरावलोकन गर्दा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजक्तवमा समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८८ (स्वास्थ्य सेवा वाहेक) दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४३ (स्वास्थ्य सेवा वाहेक) जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ४५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## २२ कर्मचारी व्यवस्था -

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कार्यका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नहुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु १३६९७४१०भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| विद्यालय निरिक्षक (छैठौ) | १ | ५७७९५७ |
| आइ टी (छैठौ) | १ | ५७७९५७ |
| जे. टी. (पाँचौ) | २ | ९२२९८० |
| ओभरसियर (पाँचौ) | १ | ४६१४९० |
| कम्प्यूटर अपरेटर (पाँचौ) | २ | ९२२९८० |
| सव इन्जिनियर (पाँचौ) | ७ | ३२३०४३० |
| ना प से प्र (चौथो) | १ | ४३७७२६ |
| अमिन (चौथो) | १ | ४३७७२६ |
| अ स ई (चौथो) | २ | ८७५४५२ |
| स क अ (चौथो) | ५ | २१८८६३० |
| अ हे व (चौथो) | ३ | १३१३१७८ |
| अनमी (चौथो) | ३ | १३१३१७८ |

| | | |
|---|---|---|
| कार्यालय सहायक (चौथो) | १ | ४३७७२६ |
| | जम्मा | १३६९७४१० |

| | |
|---|---|
| अनियमित भएको | १,३६,९७,४१० |

## २३ कर्मचारी प्रोत्साहन भत्ता

बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, 207९ को दफा ६९ (४) वमोजिम स्थानिय तहका कर्मचारीहरुलाई कार्य सम्पादनामा आधारित प्रोत्साहन भत्ता आन्तरिक श्रोतका आधारमा गर्न सकिने व्यवस्था छ । पालिकाले यस बर्ष १९ जना कर्मचारीलाई रु.२३६५६६२.०० प्रोत्साहन भत्ता भुक्तानी गएको छ । प्रोत्साहन भत्ता भुक्तानी गर्दा कार्य सम्पादनका आधारमा मापदण्ड तथा कार्यविधि तयार गरी भुक्तानी गर्नुपर्नेमा एकमुष्ठ मासिक दरमा भुक्तानी गरेकोले सो सम्वन्धमा मापदण्ड तयार गर्नुपर्दछ ।

## २४ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## २५ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित

र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२६ **शिर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ बमोजिम अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम अनुसार खर्च लेख्नुपर्दछ । पालिकाले ब्यकहो लोडर खरिदको लागि विनियोजन गरेको बजेटबाट अन्य खर्चहरु भुक्तानी गरेको देखिएकोले शिर्षक फरक पारी खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| सि नं | खर्च शिर्षक | भएको खर्च विवरण | रकम |
|---|---|---|---|
| १ | ब्यकहो लोडर खरिद | ब्यकहो लोडकको लागि इन्धन | १३००१२६ |
| २ | | जेसिबी चालकको पारिश्रमिक | ३६६७७४ |
| ३ | | जेसिबि सर्भिसिङ | ४०३९३ |
| ४ | | दैनिक तथा भ्रमण भत्ता | १२५०० |
| | जम्मा | | १७१९७९३ |

| | |
|---|---|
| अनियमित भएको | १७,१९,७९३ |

२७ **प्रदेश समपुरकः**

प्रदेश समपुरकः समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को वुदा नं ४ (२) अनुसार प्रदेश सरकारले कुल लागतको वढीमा ५० प्रतिशत सम्म समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । च्यानडाडा सिम्पानी बलेफी बाटो सडक स्तरउन्नती गर्न प्रदेश समपुरकबाट रु.१ करोड र पालिकाले रु.१ करोड व्यहोर्ने गरी रु.१९९९६१७४।९८ को लागत अनुमान भएको निर्माण कार्यको लागि बोलपत्र मार्फत विकास निर्माण सेवासँग रु.११०४७८६९।०० मा सम्झौता भएको देखियो । उक्त निर्माण कार्यको अन्तिम विल तथा मुल्यांकन अनुसार रु.९२७९४७४।०० को कार्य भएको देखिएकोले प्रदेश सरकारको रु.४६३९७३७।०० भुक्तानी गर्नुपर्नेमा रु.५२५९९८३।०० खर्च लेखेकोले वढी भुक्तानी भएको रकम प्रदेश संचित कोषमा फिर्ता हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२०,२४६ |

२८ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.२५०००००.०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गरेको नियम सम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

२९ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१६३१०८६.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३० **बिज्ञापन कर**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु.१०,९०३ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३१ **आन्तरीक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १२१४६७५०५८ | २६०२०१८८८ | २१.४२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २१.४२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ३२ राजश्व बाडफाड

स्थानिय सरकार संचालन ऐन,२०७४ को साबिक दफाको उपदफा १, १(च), ३ र ४ मा ढुङ्गा, गिट्टि र बालुवाको करमा प्रदेश तथा स्थानिय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरि स्थानिय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरि बाँडफाँड हुने व्यवस्था गरेको थियो । तर उक्त दफा सघिंय आर्थिक ऐन २०७५ द्धारा खारेज गरि दफा ६२(क) थप गरेर स्थानिय तहहरुले गिट्टि, ढुङ्गा, बालुवा बिक्रि गरि प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघिय कानुनसंग बाझिने गरि ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धि व्यवस्था गररेको छ ।बागमति प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टि, ढुङ्गा, बालुवाबापत संकलित करको चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरि संघिय मन्त्री परिषदले ढुङ्गा, गिट्टि, बालुवा उत्खन्न, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ जारि गरि गिट्टि, ढुङ्गा, बालुवा बिक्रि बापतको राजश्व स्थानियले संकलन गरि प्रदेश र स्थानिय तहबिच क्रमशः ४० र ६० प्रतिशत हुने गरि बाडफाड हुने व्यवस्था गरेको छ जुन स्थानिय सरकार संचालन ऐनको दफा ६२ (क) बिपरित देखिन्छ ।यस पालिकाले गिट्टि, ढुङ्गा, बालुवा बिक्रबाट यस वर्ष रु.२३०००६०००।०० राजश्व प्राप्त गरेकोमा प्रदेश संचित कोषमा नपठाई रु.९२००२४००।०० स्थानिय संचित कोषमा दाखिला जम्मा गरेको छ। गिट्टि, ढुङ्गा, बालुवा बिक्रबाट प्राप्त हुने राजश्व उत्पत्तीको आधार एवं सो राजश्व संकलन गर्दा पर्ने वातावरणिय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजश्व बाँडफाँड सम्बन्धि कानुन तर्जुमा गर्दा सो विषयलाई मध्य नजर राखेर संघिय कानुनसंग नबाझिने गरि स्पष्ट कानुनि व्यवस्था गर्ने र सो को आधारमा राजश्व संकलन तथा बाँडफाँड गर्नु पर्दछ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | २३०००६००० | ४० | ० | ९२००२४०० |

## ३३ राजश्व अभिलेख

३३.१ **परिमाणात्मक बन्देजः** आन्तरिक आय अन्तर्गतको ठेक्कामा नदि जन्य पदार्थ (ढुङ्गा, गिट्टि, ग्रावेल, दस्कट, मस्कट, माटो ) आदिको उत्खनन संकलन तथा निकासी कार्य गर्दा उत्खनन गरिएका सामग्रीहरुको संकलन गर्ने र त्यसको नापजाँच गरि परिमाण एकिन गरि मात्र निकासी गर्न दिनुपर्नेमा निर्माण व्यवसायीलाई साइट सबै जिम्मा लगाउने र निर्माण व्यवसायीले क्रसर उद्योगलाई जिम्मा लगाइ संकलन गरि निकासी गर्ने गरेको पाइयो । परिमाणात्मक

बन्देज लगाउन रसिदको नियन्त्रण खाता राखि रसिद प्रमाणित गरी दिनुपर्ने र अर्धकट्टी कार्यालय फिर्ता लिइ परिमाण यकिन गर्नुपर्नेमा रसिद प्रमाणित गरीदिए पनि व्यवस्थित रुपमा रसिद नियन्त्रण खाता राखी अर्धकट्टी फिर्ता लिएको देखिएन । नदिजन्य पदार्थाको सकारकर्ताले घाटगद्धि नगरी साझै संकलन गरी व्यवसायीलाइ बिक्रि वितरण गरेको देखियो । व्यवसायीले छपाइ गरेको रसिदको कार्यालयले छाप लगाइ दिने गरेको र पछि निर्माण व्यवसायीले बिजकको अर्धकट्टी कार्यालयमा बुझाएको देखिए पनि निकासी परिमाण भन्दा घटि अर्धकट्टी रहेको र विलको रसिद नियन्त्रण खाता समेत नरहेकोले तोकिएको परिमाण निकासी भएको एकिन गर्ने प्रयाप्त आधार देखिएन । त्यसै गरि कार्यालयले समय समयमा साइट निरिक्षण गरी तोकिएको परिमाण भन्दाको सिमामा रहि उत्खनन, संकलन र निकासी गरेनगरेको प्रतिवेदन समेत गरेको देखिएन। अतः सम्झौता परिमाण अनुसार निकासी भएको प्रमाणीत हुने गरि घाटगद्धि अभिलेख, रसिद नियन्त्रण खाता, अर्धकट्टी सुरक्षित राख्नु पर्दछ ।

३३.२ **म.ले.प. फारम प्रयोग नगरेकोः** पालिकाले स्वीकृत म ले प फारम नं १०५ ,१०६,१०६ क,१०७,१०८ प्रयोगमा ल्याउनु पर्नेमा प्रयोग नगरेका कारण आन्तररिक आम्दानीको असुली दाखिला विवरण अद्यावधिक गरेको पाइएन । पालिकाले प्रयोग गरेका नगदि रसिदको पोष्टिङ नगरेको, आम्दानी रकम बैंक दाखिला गरेको लगायतका अभिलेख राखेको छैन् । जसले गर्दा सबै नगदी रसिदको रकम आम्दानी भयो वा भएन र कहिले सम्म आमदानी भएको रकम कुन मितिमा बैंक दाखिला भएको हो यकिन गर्न सकिएन । अतः म ले प फारमहरु प्रयोगमा ल्याउनु पर्दछ ।

३३.३ **सिफारिस दस्तुरः** गाँउपालिकाले आर्थिक ऐन बमोजिम सिफारिस दस्तुर निर्धारण गरेकोमा सिफारिस पत्र र चलानी रजिस्टर भिडाइ दस्तुर यकिन गरेको देखिएन । चलानी रजिस्टर लेखापरीक्षणमा समेत पेश हुन आएन ।चलानी रजिस्टर पेश नभएको कारण कतिवटा सिफारिस भए र दस्तुर कति असुलि भयो भिडान गर्न सकिएन । अतः सिफारिस पत्र र र चलानी रजिष्टर भिडाएर दस्तुर असुली गरी आम्दानी बाध्नुपर्दछ ।

३३.४ कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

## ३४ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४५००००० | २७२२५१७ | ६०.५० |
| घरजग्गा वहाल कर | १८००००० | २१७२१६३ | १२०.६८ |
| व्यवसाय कर | २५००००० | १६३१०८६ | ६५.२४ |
| वहाल विरौटी शुल्क | १०००००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३५ **शिक्षकको दरबन्दीः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विद्यालय सङ्ख्या | जम्मा दरवन्दी सङ्ख्या | पदपुर्ति सङ्ख्या | पदपुर्ति मध्य स्थायी | पदपुर्ति मध्य करार | राहात सङ्ख्या | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|
| ८० | ४३९ | ४३९ | १९० | ६७ | १८२ | १०३९९ |

३६ **स्यानीटरी प्याड**

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लागत तयार गरी सम्वन्धित स्थानिय तहमा लेखि पठाउने र स्थानिय तहले प्राप्त संङ्ख्याको आधारमा एक महिनामा एक छात्राले बढिमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवाश्यक मात्रामा खरीद गरी सम्वन्धित विद्यालयको महिला शिक्षक कर्मचारीहरुलाई सम्पर्क व्यक्ती तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी महिनाको ७ गतेभित्र सुचनापाटीमा विवरण टास्नुपर्ने वयव्स्था छ । पालिकामा यस आर्थिक वर्षमा सेनिटरी प्याडका लागि रु २७,२३,०००। बजेट प्राप्त भएकोमा रु १५,५६,३९१। खर्च भएको छ । सो मध्य रु ९,९५.९८२ रकमको सिधै खरिदको माध्यमबाट ११३०० थान विभिन्न विद्यालयलाइ वितरण गरेको पाइयो र बाकी सिलबन्दी बोलपत्रको माध्यमबाट रु १४,००,०००। लाखको २०००० थान खरिद गरी वितरण नगरी मौज्दातमा राखेको पाइयो ।उक्त सेनिटरी प्याड पालिकाको स्टोरमा नै मौज्दात देखिएकोले कार्यक्रमको उद्देश्य अनुसार समयमा नै वितरण गर्नुपर्दछ र सम्वन्धित विद्यालयलाइ वितरण गरिएको प्रमाणप्रत्र पेश गरिनुपर्दछ।

३७ **फरक शिर्षकः**

कार्यपालीकाले बजेट खर्च गर्दा चालु प्रकृतिका खर्च चालु बजेट बाट वर्ने र पुजिगत प्रकृतीका खर्च पुजीगत बजेटबाट गर्नुपर्दछ । नगरपालिकाले यस बर्ष भौचर नम्बर ३०१ मिति २०८०।३।२४ मा कोभिड १९ बाट पुगेको क्षतिको परिपुर्ती तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रममा छुट्याइएको रकम रु ४९२००० बाट ४ थान ल्यापटप खरिद गरिएको देखिन्छ । यसरी चालु शिर्षकको रकम पुजिगततर्फ खर्च गर्नु नियम संगत देखिदैन । उक्त व्यवस्थापनमा सुधार आउनु पर्छ ।

३८ **प्रति विधार्थी लागत अनुमानः**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु.५५,६०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **वैठक भत्ताः**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका,२०७५ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार बैठक भत्ता लिने पदाधिकारीहरुले बैठक भत्ता लिइसकेपछि यातायात खर्च लिन नपाउने व्यवस्था रहेकोछ । तर यस पालिकामा विभिन्न पदाधिकारिहरुले बैठक भत्ता भुक्तानी गर्दा यातयात खर्च समेत लेखेकोले थप व्ययभार परेको छ।

| गो भौ नं । मिति | कार्यक्रम | पेश्की लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ९७-०७९।१२।०१ | SMNH Rodmap MNH update and continuum of care ANC PNC तालिम संचालन | शिव बहादुर पुरी | ५२००० |
| ८६-०७९।११।१८ | नमुना युवा संसद अभ्यास कार्यक्रम | सिताराम घिमिरे | १४००० |
| १३१।०८०।१।१२ | वृहत पोषण विशेष प्याकेज (CNSI) कार्यक्रम | शिव वहादुर पुरी | ३८४१० |

| | |
|---|---|
| अनियमित भएको | १,०४,४१० |

४० **सापटी लगानी**

पालिकाले लक्षित वर्गलाई ५० प्रतिशत अनुदानमा व्यवसाय गर्न ३ वर्षको लागि सापटी दिने कार्यक्रम संचालन गरेको छ । उक्त कार्यक्रमको सम्झौता शर्त अनुसार तोकिएको समयमा रकम फिर्ता गर्न नसक्ने भएमा मनासिव

कारण जनाई म्याद थप माग भएमा पटक पटक गरी बढीमा ६ महिना सम्म म्याद थप्न सकिने उल्लेख छ । पालिकाले थप गरेको अवधिमा रकम फिर्ता नगरेमा ६ महिना सम्म १० प्रतिशत, ६ देखि १२ महिनासम्म २० प्रतिशत र त्यसपछी २५ प्रतिशत का दरले जरिवाना लगाउने र निज व्यक्ति/ परिवारलाई कालो सुचिमा राख्ने उल्लेख छ । लगानी गरेको रकमको व्यवस्थित अभिलेख राखेको देखिएन । लगानी गरेको रकमको छुट्टै हिसाब राखी सो रकम फिर्ता गर्नुपर्ने समय समेत खुलाई अभिलेख राख्नुपर्ने र लगानी गरेको रकम सोही शिर्षक उल्लेख गरी एकिकृत आय व्ययमा देखाउनुपर्नेमा पुजीगत खर्चमा मात्र जनाएकोले हालसम्मको कति लगानी गरेको हो सोको एकिन हुने अवस्था देखिदैन । त्यस्तै पालिकाले लाभग्राहीसँग गरेको सम्झौताको शर्त अनुसार लगानीको ५० प्रतिशत दिने उल्लेख भए अनुसार लगानी भएको कार्यको अनुगमन गरी भुक्तानी गर्नुपर्नेमा सम्झौतामा पेश्की दिने उल्लेख नभएको अवस्थामा अग्रीम पेश्की जनाई यस वर्ष रु.१९०००००।०० भुक्तानी गरेको सम्झौता विपरित देखिन्छ ।

| **भौचर नं** | **विवरण** | **रकम** |
|---|---|---|
| ७९६-०८०।३।१४ | २८ जनालाई | १२३५००० |
| ७६५-०८०।३।१४ | १२ जनालाई | ६६५००० |
| **जम्मा** | | **१९०००००** |

४१ **सहभागि भत्ता**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु.७३,६६० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा गत वर्ष ३०० थानको रु.३०००००।०० र यस वर्ष ३०० थान को रु.३०००००।०० खरिद गरेकोमा गत वर्ष २८२ जना र यस वर्ष २२० जना गरी ५०२ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ९८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण

गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४३ **औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्जनिक निकायले बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । सोहि नियमावलीको नियम ८५ (१ ख) बमोजिम उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए पनि एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियमहरुमा उल्लेखित सिमाभन्दा बढी रकमको एउटै फर्मबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । यसवर्ष पालिकाले आन्तरिक स्रोतबाट रु.५३७३६२४।०० र संघिय शसर्तबाट रु.२९१०४४७।०० गरी कुल रु.८२८४०७१।०० को औषधि खरिद गरेको देखिन्छ। सो मध्ये बोलपत्रको माध्यमबाट रु.२११०३७७.००, बोलपत्रको दररेटमा रु.१९८५९०४.०० तथा सोझै खरिद विधिबाट रु.४१८७८००.०० को औषधी तथा औषधिजन्य सामाग्री खरिद गरेको पाइयो । बोलपत्र नगरी सिमा भन्दा बढी एउटै फर्मबाट पटक पटक सोझै खरिद गरेकोले नियम सम्मत देखिएन ।

| सि नं | भौ नं | सप्लायर्स | रकम | सोझै खरिद | कैफियत |
|---|---|---|---|---|---|
| | | **संघीय शसर्त अनुदानबाट** | | | |
| १ | १८० | आर डी मेडीको सप्लायर्स | ६२०९०० | ६२०९०० | |
| २ | २६१ | प्रग्या फार्मेसी | १५४९२८ | १५४९२८ | |
| ३ | २४८ | प्रग्या फार्मेसी | २४२४२ | २४२४२ | |
| ४ | २६१ | मेडिगोल्ड इन्टरनेशनल | २११०३७७ | | ठेक्काबाट खरिद |
| | | **आन्तरिक श्रोतबाट** | | | |
| ५ | २८ | मेडिगोल्ड इन्टरनेशनल | १९८५९०४ | | ठेक्काको दरमा सोझै खरिद |
| ६ | १६० | आर डि मेडीको सप्लायर्स | ९८७७३० | ९८७७३० | |
| ७ | १६० | संवृद्धि फार्मेसी | ८७४००० | ८७४००० | |
| ८ | २७ | पछिको मेडिकल सेन्टर | ८८६००० | ८८६००० | |
| ९ | ६ | प्रग्या फार्मेसी | २५०००० | २५०००० | |
| १० | ६ | संवृद्धि फार्मेसी | १४०००० | १४०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | ६ | वनदेवी पोली क्लिनिक | २५०००० | २५०००० | |
| | | जम्मा | | ४१८७८०० | |

| | |
|---|---|
| अनियमित भएको | ४१,८७,८०० |

४४ **औषधि खरिदः**

चौतारा सागाँचोकगडी नगरपालिकाको आन्तरिक स्रोतबाट रु.६०,००,०००। को औषधि खरिद गरेको र उक्त औषधि खरिदमा देहयको मिति तथा भौचरबाट देहायका कर्मचारीहरुले १ लाख भन्दा बढीको औषधिहरु सुगर प्रेसरको लागी भनी व्यक्तगत रुपमा खरिद गरेको देखिन्छ।यसरी व्यक्तिगत रुपमा औषधि खरिद गरी नियमविपरित कार्य गरेको हुदा रु १०२०५० बढी व्यय भार परेको छ। यस आर्थिक वर्षदेखि रोक्का गरिएको छलफलका क्रममा उल्लेख छ ।

| भौचर र मिति | पद र नाम | खरिद रकम | विरामी |
|---|---|---|---|
| २७। ०७९।०७।१७ | हेभी सवारी चालक श्री चमार सिंह तामाङ | ६४,७५० | प्रेसर र सुगर (इन्सुलिन) |
| ४१।०७९। ८।१५ | हेभी सवारी चालक श्री चमार सिहं तामाङ र कार्यलय सहयोगी रवी लामा | ३७,३०० | प्रेसर र सुगर (इन्सुलिन) |
| जम्मा | | १०२०५० | |

| | |
|---|---|
| अनियमित भएको | १,०२,०५० |

४५ **उपभोक्ता समितिबाट निर्माण कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । पालिकाले उपभोक्ता समिति मार्फत भएका खरिदको सम्झौता अंक प्राविधिक मुल्यांकनको मु अ कर कार्यालय

अंश एवं जनश्रमदान खुल्नेगरी अभिलेख नराखेकाले अनुपातिक खर्च मिले नमिलेको भिडान गर्न सकिने अवस्था रहेन अतः योजनागत खाता राखी अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

## ४६ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

## ४७ रितपूर्बकको कर बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ तथा नियमावली २०५३ को नियम १७(१) बमोजिम मुल्य अभिवृद्धि कर दर्ता भएको व्यक्तीले कुनै वस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । आन्तरिक राजश्व विभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र बमोजिम मुल्य अभिवृद्धि करमा दर्ता भएका कर दाताले हरेक बिजकको क्रम संख्या १ बाट सुरु गर्नु पर्ने र कर बिजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । रित पूर्कको कर वीजक बेगर देहायका निर्माण व्यसायीबाट मु.अ.कर रु१७४४७ समेत रु १५१६३४८ निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेशगर्नुपर्ने अन्यथा मु अ कर नियमावली बमोजिम मुल्य अभिबृद्धि कर असुल गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,४४७ |

**(विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।)**

## ४८ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को निमय ८५ मा रु.१० लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । यस्ता योजना बोलपत्र मार्फत कार्य गराउँदा लागत अनुमान भन्दा ४१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाहरुले यो वर्ष पूँजीगत किसिमका नियमनानुसार योजना संचालन गर्दा कोटेशन मार्फत खरिद गरेकोमा लागत अनुमान कै हाराहारीमा सम्झौता गरी खर्च गरेको छ । पालिकाले प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु. ९२,५०,५८६.००को सोझै खरिद गरेको देखियो

।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । यस सम्बन्धमा पालिकाले विपदको समयमा कार्य गराउदा प्रक्रिया पुरा गर्न समय लाग्ने तर कार्य तत्काल गर्नुपर्ने भएकाले सोझौ गर्नु परेको उल्लेख गरेको छ ।

**(विस्तृत विवरण अनुसूची ५ मा संलग्न छ ।)**

४९ **ग्रामिण इन्टरनेट सेवाको जमानतको म्यादः**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु.१८,०२,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **जेसिबि इन्धन**

कार्यालयको सवारीसाधनमा खपत भएको इन्धनको लगबुक राख्नुपर्दछ । त्यस्तै निर्माण कार्यमा प्रयोग हुने जेसिवि, एक्साभेटर जस्ता मेसिन प्रयोग गरी खपत भएको खर्च इन्धनको लगबुक साथै उक्त मेसिनको प्रयोगले भएको कामको प्राविधिक मुल्यांकन समेत तयार गर्नुपर्दछ । पालिकाले यस वर्ष जेसिबिको इन्धन वापत रु.१३००१२६।०० खर्च लेखेकोमा उक्त इन्धन खपतबाट भएको निर्माण कार्यको मुल्यांकन गरेको नदेखिएकोले खर्च नियमित भएको देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १३,००,१२६ |

५१ **उपभोक्ता समितिबाट खरिदः** (७४९-२०८०-३-११):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम लाभग्राही सामुदायबाट श्रममुलक निर्माण कार्य गराउनुपर्दछ । पालिकाले हर्लाङ बर्लाङ देवी स्थान तथा इन्देश्वर महादेव संरक्षण विकास समितिले मन्दिरको छानोमा पितल कुदने कार्यको लागि पाटन पाटन मेटल सोपबाट Brass sheet & Circle ६९७ केजी खरिद तथा ज्याला समेत रु. १३९५३५०.०० को कार्य गराई लाभग्राहीको अंश कट्टा गरी रु.१२८२५००।०० भुक्तानी गरेको छ । उक्त कार्य लाभग्राहीको श्रमदान हुने कार्य तथा स्थानिय स्तरमा रोजगरी सृजना समेत नहुने र सप्लायर्सबाट खरिद कार्य गरेको विल भरपाई पेश गरेकोले यस्तो कार्य उपभोक्ता समितिमार्फत गराएको नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १२,८२,५०० |

५२ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फतगराउन उपयुक्त हुने देखिन्छ ।

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ५८२ र ८२२ | ४ नं.वडा कार्यालय भवन निर्माण तथा मर्मत | ४ नं वडा कार्यालयको तल्ला थप | २६०१२३२ |

५३ **गाडी मर्मत** (219-२०७९-१०-२०):

पालिकाको बा २ ज ३३६३ नम्बरको गाडी ठोकिएर क्षति भएकोमा विमा नगराएकोले उक्त खर्च रु.५९२७४७।०० पालिकाबाट खर्च लेखेको छ । सवारी साधनको अनिवार्य बिमा गराउनु पर्दछ ।

५४ **पाइप वितरणः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सामग्री खरिद गरेपछि सोको प्रयोग गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले पटक पटक गरी रु. ७४१९७७४ को खानेपानी तथा सिंचाई पाइप खरिद गरी खर्च लेखेकोमा उक्त पाईप पालिकाको सेवाग्राही माग तथा नगर प्रमुखको तोक आदेशको आधारमा वितरण गरेको भरपाई पेश भएको छ ।सार्वजनिक निकायले योजना छनौट सामुहिक हितको आधारमा गर्नुपर्नेमा व्यक्तिलाई पाइप वितरण गर्नु औचत्यिपूर्ण देखिदैन । पालिकाले विभिन्न साइजको पाइप खरिद जडान भएको प्रमाण पेश वेगर खर्च लेखेकोले जडान भएको प्राविधिक प्रतिवेदन सहित नियमित हुनुपर्दछ।

| **सि नं** | **भौचर नं** | **सप्लायर्स** | **सामान** | **रकम** |
|---|---|---|---|---|
| १ | | Civil link Dryice-Dots and Dashes JV | पाइप | ३३३२५११ |
| २ | ८३८-३।२३ | नेपाल पोली पाइप | पाइप | ४७२५०० |
| ३ | ७६४-३।१४ | थापा भाँडा पसल एण्ड इन्टरप्रइजेज | पाइप | २३५६०० |
| ४ | ५८-०७९।७।२९ | जिगिसा हार्डवेयर एण्ड सप्लायर्स | पाइप | ९४८०७० |
| ५ | ५७-०७९।७।२९ | अरनिमा ईन्टरप्राइजेज प्रा लि | तारजाली खरिद | ९४७७४२ |
| ६ | १२-०७९।६।९ | जिगिसा हार्डवयर एण्ड सप्लायर्स | पाइप | ६४९७५० |
| ७ | | अरनिमा ईन्टरप्राइजेज प्रा .लि . | पाइप | २७९६७५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | १९-०७९।६।९ | जिगिसा हार्डवयर एण्ड सप्लायर्स | पाइप | ५५३९२६ |
| | | जम्मा | | ७४१९७७४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,१९,७४४ |

५५ **अन्य निकायलाई निकासाः**

पालिकाले प्राप्त गरेको आन्तरिक आय तथा केन्द्रीय निकायबाट प्राप्त निकासा पालिकाको क्षेत्राधिकार भित्र रहेको सार्वजनिक निर्माण तथा कल्याणकारी कार्यको लागि खर्च गर्नुपर्दछ । निम्न निकायहरुको संघ तथा सम्वन्धित केन्द्रिय निकायबाट छुट्टै बजेट निकासा प्राप्त हुने व्यवस्था रहेकोमा पालिकाबाट ती निकायहरुलाई निम्न कार्यक्रमको भुक्तानी गरेको र उक्त निकायले अन्य निकायलाई गरेकोमा तालुक निकाय वा अर्थमन्त्रालयबाट स्वीकृती नलिएको र पालिकाले अन्य निकायका लागि खर्च गर्न नियमित देखिएन ।

| भौ नं र मिति | विविरण | सम्वन्धित निकाय | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|
| ९०-०७९।८।२७ | बहुमुखी क्याम्पसलाई पुस्तकालय व्यवस्थापन खर्च | त्रिभुवन विश्वविद्यालयको | | ९००००० |
| ४०-०७९।७।१६ | कारागार कार्यालयलाई स्मार्ट टिभि र वाटर ट्रिटमिल सामाग्री | गृह मन्त्रालय | स्वयक्षा ट्रेडर्स र भिजन अफ किचन लिंक्स कम्पनी प्रा.लि. | १६१९९९ |
| | | जम्मा | | १०६१९९९ |

| | |
|---|---|
| अनियमित भएको | १०,६१,९९९ |

५६ **नव प्रवर्तन साझेदारीः**

५६.१ **सफ्टवेयर निर्माणः** सार्वजनिक खरिद नियमावली २०६४ को निमय १२० अनुसार सम्झौता बमोजिम कार्य सम्पन्न भए पश्चात भुक्तानी गर्नुपर्दछ । पालिकाले प्रदेश तथा स्थानिय सहयोग कार्यक्रम अन्तरगत Integrated management information system and mobile app निर्माण गर्न सिभिल लिङ्क ड्राइ आइस/डट्स एण्ड ड्यासेज जे.भी.सँग रु.२९५४९५०।०० मिति २०८०।३।२० भित्र कार्य सम्पन्न गर्नेगरी मिति २०८०।२।५ मा सम्झौता भएकोमा उक्त कार्य सम्पन्न भए पश्चात सोको प्रणालीको परीक्षण तथा प्रयोग भएको देखिएन । उक्त प्रणाली तोकीएको गुणस्तरमा जडान भएको निरिक्षण प्रतिवेदन तथा सुचारु भएको प्रमाण पेश गर्नुपर्दछ ।

५६.२ टुक्रा पारी खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम १० लाख रुपैंयासम्मको लागत अनुमान भएमो मालसामन खरिद कार्य सोझैगर्न सकिने र , रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म

सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । तर पालिकाले नव प्रवर्तन कार्यक्रममा रु.२३८०२८०।०० वरावरको मोवाइल, ल्यापटप तथा कम्प्युटर जस्ता मेसेनरी सामान सोझै खरिद गरेको छ । पालिकाले बीस लाख भन्दा बढीको सामान बोलपत्र माध्यमबाट खरिद गर्नुपर्नेमा कोटेशन मार्फत टुक्रा पारी खरिद गरेको नियम सम्मत देखिएन ।

| भौ नं र मिति | सामानको विवरण | परिमाण | सप्लायर्स | भुक्तानी रकम |
|---|---|---|---|---|
| १२४-०८९।९।१८ | ट्यावलेट खरिद | १५ थान | एफ वान सोलुसन प्रा लि | ७४२४१० |
| | कम्प्यूटर | ७ थान | नमस्ते इन्फोटेक प्रा लि | ७४७४९५ |
| | ल्यापटप | ५ थान | सृष्टि कम्प्यूटर एण्ड सप्लायर्स | ८८९८७५ |
| जम्मा | | | | २३८०२८० |

| | |
|---|---|
| अनियमित भएको | २३,८०,२८० |

## ५७ पूर्वनिर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ (१) बमोजिम कानुन बाहिरको परिस्थिति बाहेक निर्माण व्यवसायीका कारण खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा प्रतिदिन शुन्य दशमलब शुन्य पाँच प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।देहायको खरिद सम्झौतामा निर्माण व्यवसायीका कारण खरिद सम्झौतामा तोकिएको मिति भन्दा ढिला कार्य सम्पन्न भएकोमा पुर्वनिर्धारित क्षतिपुर्ति लिएको देखिएन । अतः सार्वजनिक खरिद नियमावली र खरिद सम्झौता बमोजिम पुर्व निर्धारित क्षतिपुर्ति रु ३१९७३०असुल गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१९,७३० |

**(विस्तृत विवरण अनुसूची ६ मा संलग्न छ ।)**

## ५८ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष शीत भण्डार निर्माण गर्न निर्माण व्यवसायीलाई रु२७९८९६१.०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि नं | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वाकम्पनीको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | ०२/१२/२०८० | ३१ | शीत भण्डारनिर्माण (वडा न. ४) | मालिका देवीविल्डर्स प्रा.लि. | १७,९१,८९३.०० |
| २ | ०२/२३/२०८० | ३६ | शीतभण्डार निर्माण (वडा न. ४) | मालिकादेवी विल्डर्स प्रा.लि. | १०,०७,०६८.०० |
| जम्मा | | | | | २,७९८,९६१.०० |

## ५९ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु ४४,५५,५०५ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४४,५५,५०५ फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ।

***(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फछ्यौंट भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु. ८,४६,५०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की | ४४,५५,५०५ |

**(विस्तृत विवरण अनुसूची ७ मा संलग्न छ ।)**

## ६० भेरिएसन सम्वन्धमा

६०.१ **बढी भेरिएशनः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २(ख) बमोजिम भेरिएशन परिमाणको प्राविधि पुष्टयाई र कारण खुलाई गर्न सक्ने व्यवस्था छ। निर्माण कार्यको आइटमको बढी परिमाणको प्राविधिक पुष्टयाइ सहित कारण खोली भेरिएशन भएको देखिएन।बढी परिमाणको प्राविधिक पुष्टयाइ र कारण खुलाइ भेरिएसन नहुदा बढी मूल्यको सजिलो कार्यको बढी कार्य हुने र कम मूल्य र असजिलो कार्यको कार्य परिमाण घटी हुने अवस्था सृजना भएकोले प्राविधिक पुष्टयाइ र कारण नखुलाएको विषयमा स्पष्ट गर्नुपर्दछ। बढी परिमाणको कार्य भएका कार्यको नमूना परीक्षण गरेकोमा देहायको खरिद कार्यमा बढी परिमाण कार्य भएकोमा प्राविधिक पुष्टयाई र कारण खुलाएको देखिएन। अतः बढी परिमाणको प्राविधिक पुष्टयाइ र कारण खोली भेरिएशन नभएकोले नियमित भएन।

| | |
|---|---|
| अनियमित भएको | १०,५८,०३० |

**(विस्तृत विवरण अनुसूची ८ मा संलग्न छ ।)**

६०.२ **घटी भेरिएशनः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २(ख) बमोजिम भेरिएशन परिमाणको प्राविधि पुष्टयाई र कारण खुलाई गर्न सक्ने व्यवस्था छ। निर्माण कार्यको आइटमको बढी परिमाणको प्राविधिक पुष्टयाइ सहित कारण खोली भेरिएशन भएपनि घटेको परिमाणको प्राविधिक पुष्टयाई एवं कारण नखुलाई भेरिएशन गरेको देखियो। घटी परिमाणको प्राविधिक पुष्टयाइ र कारण खुलाएको कारण बढी मूल्यको सजिलो कार्यको भेरिएशन भई कम मूल्य र असजिलो कार्यको भेरिएशन जारी गरी घटी कार्य हुने अवस्था सृजना हुने भएकोले प्राविधिक पुष्टयाइ र कारण नखुलाएको विषयमा स्पष्ट गर्नुपर्दछ। घटी परिमाण कार्य भएका कार्यको नमूना परीक्षण गरेकोमा देहायको खरिद कार्यमा घटी कार्य भएकोमा प्राविधिक पुष्टयाई र कारण खुलाएको देखिएन। अतः घटी परिमाणको प्राविधिक पुष्टयाइ र कारण खुलाई भेरिएशन नभएकोले नियमसम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ८,०८,२६८ |

**(विस्तृत विवरण अनुसूची ९ मा संलग्न छ ।)**

६१ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख अद्यावधिक गरी राखेको देखिएन।विवरण अद्यावधिक नहुदा जमानतको म्याद गई बैंक दाखिला गर्न नमिल्ने तथा अन्य विवरण अद्यावधिक समेत नहुने अवस्था हुन सक्छ । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

६२ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १२ देखि ४६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको

हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसुचीमा उल्लेख छ ।

**(विस्तृत विवरण अनुसूची १० मा संलग्न छ ।)**

## ६३ ठेक्का व्यवस्थापनः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत एंव सम्झौता गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरणअनुसार सम्झौता भएको १५ वटा मध्ये प्रथम चौमासिकमा २ वटा दोश्रो चौमासिकमा ७ वटा र तेश्रो चौमासिकमा ६ वटा ठेक्का सम्झौता भएको देखिन्छ । २ ठेक्का सम्पन्न हुन नसकेको र १३ वटा सम्पन्न भएको देखिन्छ। अतः प्रथम चौमासिक ठेक्का पंट्टा व्यवस्थापन गरी सक्नुपर्दछ।

| क्र. सं | कार्यक्रमको नाम | खरिद सम्झौता | | | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | **आषाढ महिनाको खर्च** | | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| 1 | निर्माण बोलपत्र | १५ | १०२४०७ | २ | ५७७० | ७ | ६३२९२ | ६ | ३३३४५ | ० | ० | १३ | ७९३४६ |

## ६४ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सि.नं | कार्य विवरण | परामर्शदाता | वजेट (भ्याट समेट) | खर्च रकम (भ्याट समेट) | अध्ययनबाट निर्धारण भएको |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आयोजनाको लागत |
| १ | बुद्धपार्क जाने सिंडीको डि.पि.आर | रिप्पल कन्सलटयान्ट।सुगन्ध सुवेदी | ४९९६५२ | ४९७७११ | ६९९५८९४० |
| २ | सुकुटे पर्यटन विकास गुरुयोजनाको डि.पि.आर | मेन स्टीम कन्सलटेन्ट नारायण बडाल | ४९९३६० | ४७३४७० | १४७८७३८३ |
| ३ | रानीपोखरी पर्यटन प्रवद्र्धन र लिफ्ट सिंचाई | अरनिको एसोसिएट्स सन्देश श्रेष्ठ | ४९९६३९ | ४७३४७० | ६३१५४१६२ |
| ४ | चागुलेटोल बाँसपाटी र ठूलाखेत सडक डि.पि.आर | आर.एण्ड वि ई. एण्ड विल्डर्सराजेन्द्र नेपाल | ४९९१५७ | ४९७२०० | १२७१२६३५३ |
| ५ | कोल्ड स्टोर माटो परिक्षण डि.पि.आर | सिनर्जी डेप्लोपर्स बिरेन्द्र खड्का | ४९९८१८ | ४७३४७० | - |
| ६ | कोल्ड स्टोर भवनको सिभिल कार्यको डि.पि.आर | भोर्टेक्स ई मन्जिल भट्टरार्य | ३९९१४८ | ३८२१६६ | ८२२१९९६० |
| ७ | कोल्ड स्टोर भवनको ज्ख्ब्क्ष् कार्यको डि.पि.आर | स्मार्ट ईन्जिनियरिङ्गज्योति मणी भट्टराई | ३९९५१६ | ३८२५०५ | ८०१५२४९२ |
| ८ | कोटडाडा हर्रे भुलभुले नर्सिङ्गडाडा सडक | ग्यालेक्सी ईन्जिनियरिङ्ग | ४९८९५३ | ४७३४७० | २७६७९३५७८ |
| ९ | जनयुद्ध तथा जनआन्दोलनमा साहदत प्राप्त गर्ने हरुको जिवनि तथा लेख रचना | आर.एस ईन्टिग्रेटेड श्रीधर न्योपाने | ५००००० | ४७४६०० | - |
| | जम्मा | | | ४१२८०६२ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । अतः प्याकेजिङ गरि सिलबन्दी कोटेशन वा बोलपत्रका माध्यमबाट कार्य गराई मितव्ययी र प्रतिस्प्रधी तरिकाले कार्य गराउनु पर्दछ ।

## ६५ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । परामर्शदाताले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसा परामर्शदाताले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । पालिकाको मातहत रहेका विद्यालय, स्वास्थ्य चौकी तथा वडा कार्यलयहरुमा ग्रामिण संचार जडान गर्न भएको सम्झौताको ५० प्रतिशत म्याद थप भएकोमा हालसम्म कार्यसम्पन्न भएको छैन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार रहेको छ ।

## ६६ प्राविधिक विल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ६७ ढिला दाखिलाः

रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १२ (४) बमोजिम सम्झौतामा तोकिएको म्याद भित्र किस्ता रकम दाखिला नगरेमा ढिलो दाखिला अवधिको बार्षिक सयकडा १० प्रतिशतले सुद समेत लगाई व्यवसायीले किस्ता बुझाउनुपर्ने व्यवस्था छ । व्यवसायीले नदीजन्य पदार्थ ( ढुंगा ,गिट्टि बालुवा ग्राभेल रोडा आदि ) बिक्रि बापतको रकम ठेक्का सम्झौता बमोजिम तोकिएको म्यादमा देहायअनुसारको रकम सम्झौताको म्याद भित्र दाखिला नगरेकोले रु.२६३६०४।०० जरिवाना असुल गर्नुपर्दछ।

| व्यवसायी | किस्ता | विवरण | दाखिला हुनु पर्ने मिति | दाखिला मिति | दाखिला रकम | दाखिला अवधी (दिन) | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| वछला / सुदिपा ट्रेडिङ्ग जे भी | दोस्रो | इन्द्रावती नदीको बनदेउको ५९ किमि झाडी खोला सम्मको क्षेत्र | २०७९ पौष मसान्त | २०७९।१०।५ | ९५३६८०० | ५ | १३०६४ |
| | तेस्रो | | २०८० जेठ मसान्त | २०८०।३।१० | २७५५३२१४.७९ | १० | ७५४८८ |
| | | | | २०८०।३।१० | ३५८१९१७.९२ | १० | ९८१३ |
| | | | | २०८०।३।२१ | १८२९६७८५.२१ | २१ | १०५२६९ |
| | | | | २०८०।३।२१ | २३७८५८२.०८ | २१ | १३६८५ |
| जम्मा | | | | | | | २१७३१९ |
| वज्र निर्माण सेवा | दोस्रो | सुनकोशी नदी तर्फको साँगाचोकको सिम्ले देखि बलेफि सम्मको क्षेत्र | २०७९ पौष मसान्त | २०७९।१०।३ | १०००००००० | ३ | ८२१९ |
| | | | | २०७८।१०।३ | २४२३२०० | ३न | २००० |
| | तेस्रो | | २०८० जेठ मसान्त | २०७८।३।१० | ११६५०००० | १० | ३१९१७ |
| | | | | २०७८।३।१० | १५१४५०० | १० | ४१४९ |
| | जम्मा | | | | | | ४६२८५ |
| | **कुल जम्मा** | | | | | | **२६३४०६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६३,६०४ |

## ६८ **डुम्रे सिम्रे लिफ्ट योजना**

६८.१ भेरिएशन आदेशः डुम्रे सिम्रे लिफट सिचाइ योजना योजना संचालनका लागि ४७५९१७३।९० मा खरिद सम्झौता गरी रु४२०८५४०।८ मा कार्य सम्पादन गरेकोमा विभिन्न आइटममा तोकिएको बिओक्यु परिणाममा घटी र बढी कार्य गरि र ५४०६००।९० को रकम बराबरको प्रविधिक पुस्टयाइ सहित ११.३६ प्रतिशत घटी कार्य गरेकोमा भेरिएसन आदेश जारी गरेको नदेखिएकाले नियिमत भएन।

| | |
|---|---|
| अनियमित भएको | ५,४०,६३४ |

६८.२ निर्माण कार्य अधुरोः लिफट खानेपानी आयोजनाका लागि रु ४७४९८६३।२३ को लागत अनुमान स्विकृत गर्दा वितरण लाइनका लागि विभिन्न साइजका २५५१ के.जी खरिद गर्ने परिमाण तोकिएकोमा १५२२।५५४ के. जी परिमाण खरिद गरेकोमा वितरण लाइनको कार्य पुर्ण रुपमा नभएको र पुरानो कुवाबाट पानी लिफ्ट गर्ने योजना राखी रु ११३००९।०६ रकमको लागत अनुमान स्विकृत गरेकोमा पुरानो कुवाको पानी लिफ्ट गर्न परिमाण न्युन भएका कारण लिफ्ट संचालनमा नआएको र धारा पोखरी निर्माण गर्न बजेट समेत नराखेकोले पानी वितरण गरेको देखिएन । यस आर्थिक बर्षमा उक्त योजनाका लागि थप बजेट विनियोजन समेत नगरेकोले योजना अधुरो रहेको पाइयो । अतः योजना सम्पन्न गर्न थप रकम विनियोजन नभए लगानी भएको रकम समेत खेर गई योजना अलपतत्र पर्ने हुँदा योजना सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६८.३ **लागत अनुमान भन्दा बढिको ठेक्का स्वीकृतः** यस निर्माण कार्यमा लागत अनुमान रु ४७४९८६३।२३ मु.अ कर समेत स्वीकृत भएकोमा एक मात्र बोलपत्रको कबुल अंक रु ४७५९१७३।९० मा स्वीकृत गरी समय अभावले पुनः ठेक्का व्यवस्थापन गर्न कठिनाई परेकोले लागत अनुमान भन्दा बढि रकम आन्तरीक स्रोतबाट व्यहोर्ने गरी ०.३९ प्रतिशत बढी कबोल अंक स्वीकृत गरी ठेक्का व्यवस्थापन गरेकोले लागत अनुमान भन्दा बढी स्वीकृत गरेकोले ठेक्का कार्य प्रतिस्प्रधि र मितव्ययी देखिएन् ।

६९ **पदाधिकारी सुविधाः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारीले अनुसुचि १ क मा उल्लेख भए बमोजिम सुविधा पाउने व्यवस्था छ । यस वर्ष पदाधिकारीको बार्षिक सुविधा वापत रु.१२०९६०००.०० भुक्तानी गरेको छ । दोहोरो सुविधा नपाउने गरि स्वघोषणा फारम भरि सुविधा भुक्तानि गर्नुपर्दछ ।

७० **आन्तरिक आम्दानीबाट शिक्षकको तलभत्ता भुक्तानीः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट दरबन्दी बाहिरका शिक्षकका लागि रु.२४०८४०००.०० तलब भत्ता भुक्तानी गरेको पाईयो । विद्यार्थी शिक्षक अनुपात र भौगोलिक दुरी समेत विचार गरि विद्यालय मर्ज गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

### ७१ बैठक भत्ता

